**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २० गते शुक्रबार ❑ 4 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा स्वदेशी सीप र पुँजीमा निर्माण भयो अत्याधुनिक हवाई इन्धन डिपो

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखराअन्तरराष्ट्रियविमानस्थल परिसरमा अत्याधुनिक हवाई इन्धन डिपो निर्माण सम्पन्न भएको छ।

नेपाल आयल निगमले पहिलो पटक आफ्नै लगानीमा विमानस्थलमा ३६ लाख लिटर क्षमताको हवाई इन्धन डिपो निर्माण गरेको बिहीबार पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो । निगमले स्वदेशी सीप र पुँजीमा पहिलोपटक इन्धन डिपो निर्माण गरिएको जनाएको छ । हवाई इन्धन डिपो निर्माण परियोजनाका प्रमुख इञ्जिनियर प्रदीप यादवले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा उडान र अवतरण गर्ने राष्ट्रिय र अन्तरराष्ट्रिय विमानलाई आवश्यकपर्ने इन्धन उपलब्ध गराउन विमानस्थल परिसरमा अत्याधुनिक प्रविधि जडित हवाई इन्धन डिपो निर्माण गरिएको बताउनुभयो।

उहाँका अनुसार यसअघि भारतीय आयल निगमको सहयोगमा हवाई इन्धन डिपो निर्माण हुँदै आएकामा पहिलोपटक यस डिपो निर्माणमा निगमको आफ्नै लगानी रहेको छ। पोखरामा आन्तरिक र अन्तरराष्ट्रिय उडानको चापलाई मध्यनजर गर्दै एक हजार २०० किलोलिटर क्षमताको तीन वटा ठूला भण्डारण गृह (कूल तीन हजार छ सय किलोलिटर इन्धन भण्डारण गर्न मिल्ने स्टोरेज ट्याङ्क) निर्माण गरिएको हो। भर्टिकल स्टोरेज ट्याङ्कको उचाइ १२ मिटर र व्यास पनि १२ मिटर रहेको निगमले जनाएको छ । "स्वदेशी प्राविधिक र



स्वदेशी निर्माण कम्पनीले निर्माण गरेकाले पनि निगमको ५५ वर्षे इतिहासमा यो डिपो ऐतिहासिक भएको छ। यसअघि लगानी मात्र विदेशीको होंन, प्राविधिक र निर्माण कम्पनी पनि विदेशी नै हुन्थे। त्यसलाई तोड्दै शतप्रतिशत स्वदेशी परामर्शदाता, स्वदेशी निर्माण व्यवसायी र आन्तरिक स्रोतबाट बनाउन सक्षम भएका छौं", आयोजना प्रमुख यादवले भन्नुभयो।

आयोजना प्रमुख यादवले तोकिएको समयभित्रमा नै डिपो निर्माण सम्पन्न भएको जानकारी दिनुभयो । सो डिपो निर्माणका लागि मूल्य अभिवृद्धि कर (भ्याट) बाहेक रु ७५ करोड खर्च भएको छ । विसं २०८० साउन १ गते निर्माण कार्यको शिलान्यास गरिएको थियो । सो डिपोबाट आगामी साउन दोस्रो साताबाट इन्धन भर्न सुरु हुन्छ।

डिपो सुरक्षामा उच्च सतर्कता अपनाउनका लागि एक हजार २०० किलोलिटर क्षमताको अलग्गै पानी ट्याङ्की निर्माण सम्पन्न भएको छ । उक्त पानी ट्याङ्कीसँग डिपोको वरिपरि जडान गरिएको 'फायर फाइटिङ' संरचनालाई आबद्ध गरिएकाले उच्च सुरक्षा प्रदान गर्ने निगमका सहायक प्रबन्धक अनुपम पराजुलीले बताउनुभयो । "हवाई इन्धन जस्तो प्रज्ज्वलनशील पदार्थको नियमित रुपमा कारोबार हुँदा आगलागीको जोखिम हुनसक्ने विषयलाई मध्यनजर गर्दै चार हजार लिटर क्षमताको 'फोम स्टोरेज' ट्याङ्कसमेत निर्माण गरिएको छ । यसलाई फायर फाइटिङको संरचनासँग आबद्ध गरिएकाले पानीको फोहोरासँगै फोम पनि मिसिएर प्रवाह हुने र तत्कालै आगलागीजन्य घटनालाई निस्तेज पार्न सहयोग मिल्ने गरेको विश्वव्यापी अभ्यास छ", पराजुलीले भन्नुभयो।

पोखरा अन्तरराष्ट्रिय विमानस्थलका लागि आवश्यक इन्धनका लागि आयल निगमले विमानस्थल परिसरमा नौ हजार २१५ वर्गमिटर क्षेत्रफल जग्गा नागरिक उड्डयन प्राधिकरणसँग 'लिज' सम्झौता गरी निगमले उपयोग गर्दै आएको जनाएको छ।

## मदन भण्डारी फाउन्डेसन कास्कीले बृहत जनवादी सांस्कृतिक कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

मदन भण्डारी फाउन्डेसन कास्कीले जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तिको अवसरमा असार २१ गते बृहत् जनवादी सांस्कृतिक कार्यक्रम आयोजना गर्ने भएको छ।

फाउन्डेसन कास्कीका अध्यक्ष माधव बास्तोलाका अनुसार कार्यक्रम पोखरा सभागृहमा दिउँसो २ बजे सुरु हुनेछ।

कार्यक्रममा ख्यातिप्राप्त जनवादी कलाकार जीवन शर्मा, पूर्णकला बि.सी. लगायतका कलाकारहरूको प्रस्तुतिसहित विविध सांस्कृतिक कार्यक्रमहरू हुनेछन्। जननेता मदन भण्डारीको स्मृतिमा स्थापित फाउन्डेसनले उहाँको योगदानलाई दीर्घकालसम्म स्मरणीय बनाउँदै युवा पुस्तालाई जानकारी दिन विचार गोष्ठी, स्मारिका प्रकाशन लगायत समाज विकासका उद्देश्यले विभिन्न रचनात्मक कार्यक्रमहरू गर्दै आइरहेको छ।

अध्यक्ष बास्तोलाले प्रवेश निशुल्क रहने सो कार्यक्रममा सहभागिता जनाउन सबैमा आग्रह गरेका छन्।









# गण्डकीमा आव २०८१/०८२ मा ७८७ ले लिए सीपमूलक तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार



गण्डकी प्रदेश सरकारले युवाहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउने उद्देश्यले सञ्चालित सीपमूलक तालिम कार्यक्रम प्रभावकारी रूपमा अघि बढेको छ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा आव २०८१ र ०८२ मा ३८ वटा तालिम सञ्चालन भइसकेका छन्, जसमा ७८७ जना सहभागी भएको जानकारी गराइएको छ । पछिल्लो ३ महिनामा मात्रै २०४ जना सहभागी १० वटा तालिम पूरा गरी अब व्यवसायिक यात्राको सुरुवातमा छन् । सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले आयोजित समापन कार्यक्रममा सहभागी हुँदै आगामी वर्षमा १४ सयभन्दा बढी युवालाई व्यावसायिक तालिम दिने योजनाबारे जानकारी गराए।

सीप सिकेर स्वदेशमा नै उद्यम गर्न चाहने युवालाई प्रदेश सरकारले सिट मनीको व्यवस्था गरेको जानकारी उनले गराए । आव २०८२ र ०८३ को बजेटमा उक्त व्यवस्था गरिएको भनाई उनको छ । आर्थिक कमजोर भएकालाई प्रदेश सरकारको साथ रहने उनले उल्लेख गरे। बैंकबाट समेत सस्तो ब्याजमा ऋण उपलब्ध गराउन प्रदेश सरकारले नै सिफारिस गरिदिने व्यवस्था गरिएको उनले जानकारी गराए। उनका अनुसार काम गरेर सानो कोहि हुँदैन श्रमको सम्मान गर्न जान्ने व्यक्ति नै अगाडि बढ्छ। समापन कार्यक्रममा बोल्दै युवा प्रशिक्षार्थी पुष्पा पहारीले तालिमले आफूजस्ता आर्थिक रूपमा कमजोर पृष्ठभूमिका युवाहरुलाई आशा र विश्वास दिएको बताइन्। उनले भनिन्, "केही बन्छु, केही गर्छु भन्ने आत्मविश्वास जागेको छ। आधुनिक सिकाइ प्रविधिबाट सिक्ने मौका पाएको छु । अब सिकेको सीपलाई राम्रो ठाउँमा लगानी गर्नेछु ।" कार्यक्रममा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पोखराका नि.केन्द्र प्रमुख डिल्लीराज सुवेदीले तालिम उत्साहजनक रूपमा सम्पन्न भएको बताए। स्वावलम्बी बन्ने यात्रामा तालिमले टेवा पुग्ने विश्वास उनको छ । उनले पछिल्लो ३ महिने तालिममा मोबाइल मर्मत, प्लम्बिङ, सिलाई-कटाई, ब्युटी पार्लर, फेसन डिजाइन, सैलुन, मण्टेश्वरी, कुक (बिहानी/दिवा), र एडभान्स कटाई-सिलाईजस्ता १० थरिका व्यावसायिक तालिम उपलब्ध गराइएको जानकारी गराए । गण्डकी प्रदेश सरकारले आगामी वर्षमा अझ धेरै युवाहरूलाई लक्षित गर्दै सीप आधारित कार्यक्रमहरू विस्तार गर्ने जनाएको छ । आत्मनिर्भर युवा निर्माणमार्फत समाजको आर्थिक आधार बलियो बनाउने लक्ष्य सरकारको रहेको छ।

# पोखरा कलेज अफ म्यानेजमेन्टमा फेस्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखरा कलेज अफ म्यानेजमेन्ट (पिसिएम) द्वारा आयोजित वार्षिक कार्यक्रम 'पिसिएम फेस्ट २०८२' हालै सम्पन्न भयो।




कलेजमा रहेका विभिन्न विद्यार्थी क्लबहरूको सक्रिय आयोजनामा भएको उक्त फेस्टमा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो । पोखरा कलेज अफ म्यनेजमेन्ट कलेजकी प्राचार्य लीना नेगी श्रेष्ठले यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूलाई किताबी ज्ञानका साथै उनीहरूको अन्तर व्यक्तिगत सम्बन्ध र व्यवस्थापकीय सीप विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताइन् । "यस्ता कार्यक्रमले विद्यार्थीहरूमा लुकेको प्रतिभा उजागर गर्न र उनीहरूको आत्मविश्वास बढाउन मद्दत गर्छ," प्राचार्य नेगीले भनिन् । आजको फेस्टको मुख्य आकर्षण चर्चित रक ब्यान्ड 'रकहेड्स' को प्रस्तुति रहेको थियो। 'रकहेड्स' ले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्दा कार्यक्रमको माहोल नै तात्यो । कार्यक्रममा उपस्थित करिब चार सय विद्यार्थीहरू ब्यान्डको प्रस्तुतिमा झुमेका थिए। यसका साथै पोखराको स्थानीय ब्यान्डले पनि आफ्नो सांगीतिक प्रस्तुति दिएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेको थियो। फेस्टमा कलेजका विद्यार्थीहरूले पनि आफ्नो गायन तथा नृत्य कला प्रस्तुत गरी प्रतिभा देखाएका थिए । सांगीतिक प्रस्तुतिबाहेक फेस्टमा विभिन्न परिकारका खानाका स्टलहरू र रमाइला खेलका स्टलहरू पनि राखिएका थिए, जहाँ विद्यार्थीहरूले भरपुर मनोरञ्जन लिएका थिए । विद्यार्थीहरूद्वारा नै व्यवस्थापन गरिएको यो कार्यक्रमले उनीहरूलाई मनोरञ्जन मात्र नभई व्यवहारिक व्यवस्थापनको अनुभव पनि प्रदान गरेको आयोजक विद्यार्थीले बताएका छन् ।

# टी २० महिला क्रिकेट कास्कीले नवलपुरलाई हरायो

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार



पोखरामा जारी गण्डकी प्रदेश दोस्रो महिला टी२० क्रिकेट प्रतियोगितामा कास्कील नवलपुरलाई हराउँदा पर्वत र स्याङ्जाले अंक बाडेका छन् ।

प्रदेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा जारी प्रतियोगिताको दोस्रो दिनको पहिलो खेलमा कास्कीले नवलपुरलाई ३९ रनले हराउँदै फाइनलको यात्रा तय गर्ने पहिलो टिम बनेको हो । ११८ रनको विजयी लक्ष्य दिएको नवलपुरलाई ७८ रनमै समेट्दै कास्कीले लगातार दोस्रो जित हासिल गरेको हो । नवलपुरले २० ओभरमा ७ विकेट गुमाउँदै ७८ रनमात्रै बनाउन सक्यो । नवलपुरका लागि यमुना पंगेनी ७ र वर्षा सुनार शुन्यमा अविजित रहे । मोनिका लामिछाने २२, धनकुमारी क्षेत्री ८, लिजा गुरुङ शुन्य, श्रेया शर्मा ४, आयुषा चापागाईं ३, पुर्णिमा सुनार ७ र वर्षा सुनार शुन्यमा आउट भइन् । कास्कीका लागि चन्द्रमाया बराल २ तथा श्रद्धा गुरुङ, रेखा तामाङ र रिया तामाङले समान १/१ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ थालेको कास्कीले २० ओभरमा ४ विकेट गुमाउँदै ११७ रन बनायो । कास्कीका लागि रचना चौधरीले २५ र चन्द्रमाया बरालले १५ रनको अविजित पारि खेले । कप्तान सिर्जना पौडेल २७ रनमा आउट भइन् । उनले ३१ बलमा १ चौका प्रहार गरिन् । श्रद्धा गुरुङ ८, शिखा दवाडी १५, रेखा तामाङ २ रनमा आउट भइन् । नवलपुरका लागि यमुना पंगेनीले २ तथा श्रेया शर्मा र आयुषा चापागाईंले समान १/१ विकेट लिए ।

उता दोस्रो खेलमा पर्वत र स्याङ्जाले वर्षाका कारण खेल रोकिएपछि अंक बाडेका छन् । १४६ रनको विशाल लक्ष्य पाएको पर्वतले १.१ ओभरमै २ विकेट गुमाउँदै ३ रन जोडेको अवस्थामा वर्षा भएपछि खेल रोकिएको थियो ।

लगातार वर्षाभएपछि खेल हुन नसक्दा दुवै टिमले अंक बाडेका हुन् । वर्षा हुनुअघि ओपनर शुसिला भट्टराई ३ रनमा अविजित रहँदा योगिता केसी क्याचआउट भइन भने जिविका क्षेत्री शुन्यमा रनआउट भइन् । स्याङ्जाका लागि निरु जिटीले १ विकेट लिइन् ।

त्यसअघि टस जितेर ब्याटिङ थालेको स्याङ्जाले २० ओभरमा ४ विकेट गुमाउँदै १४५ रन बनायो । स्याङ्जाका लागि सिमाना केसीले ३३ रनको योगदान दिइन् । उनले ३८ बलमा २ चौका प्रहार गरिन् । श्रेया शाह १९, सलिना सेन १३ रनमा आउट भइन् । ज्योत्सनिका मरासिनी २४ रनमा रिटायर्ड आउट भइन् । कुशुम गोदार ४ र निरु जिटी ४ रनमा नटआउट रहिन् । पवर्तका लागि दिपिका सापकोटाले २ तथा प्रतिभा खड्काले १ विकेट लिइन् ।

# रोटरी क्लब अफ पोखरा न्युरोडको १६ औं पदास्थापन समारोह

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार




रोटरी क्लब अफ पोखरा न्युरोडको १६औं वार्षिक पदास्थापना समारोह बुधबार पोखरामा सम्पन्न भएको छ। कार्यक्रममा क्लबका नयाँ अध्यक्ष तथा कार्यकारी समितिका सदस्यहरूले पद तथा गोपनियताको सफत ग्रहण गरे।

समारोहमा रोटेरियनहरू, स्थानीय नेतृत्व तथा आमन्त्रित अतिथिहरू उपस्थित थिए । बर्ष २०२५/२६ का नयाँ अध्यक्ष अमृत राज बास्तोलाले आफ्नो कार्यकालमा समाज सेवा, बातावरण, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा क्लबले गर्ने कार्यक्रमहरूबारे योजना प्रस्तुत गरेका थिए । सो अबसरमा रोटरी बर्ष २०२४/२०२५ का अध्यक्ष दिपेन्द्र शर्माले स्थानीय समुदायलाई सेवा पुर्याउदै रोटरी क्लबले आफ्नो कार्यकालमा गरेका उपलब्धिहरू समेत प्रस्तुत गरेका थिए । रोटरी क्लब अफ पोखरा न्युरोडले गत वर्षहरूमा संचालन गरेका विभिन्न सामाजिक अभियानहरूलाई नयाँ समितिले पनि अगाडि बढाउने बताईएको छ। प्रमुख अतिथि रोटरी इन्टरनेशनल डिस्टिक्ट ३२९२ का डिस्टृक्ट गभर्नर ईलेक्ट बिष्णु बहादुर कार्कीले कार्यक्रमको उद्घाटन गर्दै रोटरी क्लबले रोटरी इन्टरनेशनलको उद्देश्य संग म्याच हुने गरि काम गर्नु पर्ने बताएका थिए । कार्यक्रममा सहसचिव बर्षा केशव पराजुलीलाई रोटरी क्लब अफ दी इअर अवार्ड, रबिन्द्र शर्मालाई हाइएस्ट एटेन्डेन्स अवार्ड प्रदान गरिएको थियो भने संस्थापक अध्यक्ष रवि प्रसाद बराल, पुर्व अध्यक्ष सुबास सिग्देल र प्रेम प्रसाद शर्मालाई क्लबका गतिविधिमा सहयोग गरेकोमा क्लब अध्यक्ष दिपेन्द्र शर्माले बिशेष सम्मान गरेका थिए । त्यसै गरि पोखरा महानगरपालिका वडा नं. २२ का वडा अध्यक्ष हिमलाल बराल, नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, दरबारथोक एडभरटाइजिङ एजेन्सीका कृष्ण रानाभाट, रोटरी क्लब अफ पोखरा न्युरोडका पदाधिकारी तथा सदस्यहरु, विभिन्न रोटरी र रोट्र्याक्ट क्लब अध्यक्षहरुलाई मायाको चिनो प्रदान गरिएको थियो । सो अबसरमा क्लबका पुर्व अध्यक्ष एवं डिस्टृक्ट सेक्रेटरी सुभास सिग्देलले रोटरी क्लबले समाजमा उत्कृष्ट र दीर्घकालीन काम गर्ने अन्तरास्ट्रिय सामाजिक संस्थाको रूपमा चिनाएको बताउँदै नयाँ नेतृत्वलाई पनि त्यसरी नै काम गर्न आग्रह गरेका थिए। एसिस्टेन्ट गभर्नर रवीन्द्रनाथ बास्तोलाले क्लबले राम्रो काम गरेको बताउँदै नयाँ नेतृत्वले आफ्नो योजना अनुसारका कामका साथै अघिल्लो बर्षका कार्यक्रम लाई निरन्तरता दिन सुझाव दिएका थिए। पोखरा २२ का वडा अध्यक्ष हिमलाल बरालले रोटरी क्लबले पोखरा महानगरपालिका भित्र पहिलो धुँवामुक्त वडा बनाउने उद्देश्य लिएकोमा धन्यवाद दिदै उक्त ग्राण्ड परियोजनामा सहकार्य गर्न यसै आर्थिक बर्षमा वडा बाट ३० लाख रुपैयाँ छुट्टयाइएको बताए । पदास्थापन कार्यक्रमका संयोजक एवम् पुर्व अध्यक्ष टुवराज बास्तोलाले डिस्टीक्ट गभर्नर इलेक्ट बिष्णु बहादुर थापाको संक्षिप्त परिचय दिएका थिए। क्लब अध्यक्ष अमृत बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत गिता सिग्देल धन्यवाद ज्ञापन उपाध्यक्ष पुष्प राज पराजुलीले र संचालन सचिव बर्षा केशब पराजुलीले गरेका थिए। कार्यक्रममा क्लबको सम्पुर्ण गतिबिधी समेटिएको स्मारिका बिमोचन समेत गरिएको क्लबका ईडिटर छबि सुबेदीले बताए।




# लोमान्थाङका विपन्न परिवारलाई च्याङ्ग्रा वितरण

**पोखरापत्र संवाददाता**
मुस्ताङ १९ असार

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकाले सीमावर्ती क्षेत्रका विपन्न परिवारलाई च्याङ्ग्रा वितरण गरेको छ।

लोमान्थाङ गाउँपालिकाले त्यहाँका स्थानीय परिवारको आर्थिक अवस्थामा सुधार पुगोस भनेर च्याङ्ग्राको माउ वितरण गरेको हो । चालु आर्थिक वर्ष २०८१/८२ को वार्षीक कार्यक्रमअनुसार त्यहाँका ३५ विपन्न परिवारलाई एक सय च्याङ्ग्राको माउ वितरण गरिएको लोमान्थाङ गाउँपालिकाका पशु सेवा शाखाका नायव पशु स्वास्थ्य प्राविधिक दिलिप पुर्जाले जानकारी दिनुभयो ।

लोमान्थाङका विपन्न नागरिकको जीवनस्तर उकास्न पाँचवटै वडामा सात सातवटा च्याङ्ग्राको माउ वितरण गरिएको हो । गाउँपालिकाले विपन्न नागरिकलाई च्याङ्ग्रा वितरण गर्न रु १० लाख खर्च गरेको प्राविधिक पुर्जाले बताउनुभयो। विपन्न परिवारलाई उनीहरूको जिवनस्तर उकास्न दुई वर्ष उमेरको प्रजनन् अवस्थाको वयस्क च्याङ्ग्राको माउ वितरण गरिएको लोमान्थाङ गाउँपालिकाले जनाएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# कुलिङ पिरियडमा धोखाधडी

राजनीतिक नेतृत्वको मिलेमतोमा मुख्य सचिव, सचिव र सहसचिवबाट अवकाश हुन नपाउँदै राजदूत, संवैधानिक आयोगको प्रमुख र सदस्य नियुक्ति हुने अनि विभिन्न दातृ निकायको परामर्शदाता मात्र होइन, कर्मचारी नै हुने प्रवृत्ति मौलाएको थियो । ती नियुक्तिको लोभमा सेटिङमा मुख्य सचिव हुने प्रवृत्तिले पनि जग हालेको छ । प्रधानमन्त्रीसँग लेनदेन गरेर मुख्य सचिवहरूले राजीनामा गर्ने, आफ्नो मान्छे मुख्य सचिव बनाउने र तात्तातै अर्को नियुक्ति लिने प्रवृत्ति मौलाएको छ ।

त्यसको सुरुवात मुख्य सचिव सोमलाल सुवेदीको पालादेखि भएको देखिन्छ । सुवेदीपछि जति पनि मुख्य सचिव भए, ती सबै राजनीतिक नेतृत्वसँग सेटिङ मिलाएर अवकाशभन्दा अघि राजीनामा दिएर भएका छन् । अवकाश हुन नपाउँदै राजदूत वा संवैधानिक निकायमा नियुक्ति ग्यारेन्टी गर्ने कर्मचारीले पटकपटक सुविधा लिएका छन् । कर्मचारीको यो हर्कतप्रति नागरिक कतिसम्म आजित भएका छन् भन्नेचाहिँ कुलिङ अफ पिरियडप्रति नागरिकले देखाएको समर्थनले पुष्टि गर्छ । नागरिकमा कर्मचारीप्रति घृणाभाव जगाउने गरी अहिले भएको हर्कतले निराशा मात्र होइन, आक्रोश पनि जन्माइरहेको छ ।

विधेयकमा कर्मचारीले आफ्ना स्वार्थका धेरै बुँदा घुसाएका छन् । तर, त्यसका बाबजुद दुईवर्षे कुलिङ अफ पिरियड नै नागरिकलाई सबैभन्दा ठूलो बुँदा लागेको भान भइरहेको थियो । त्यसले के पनि संकेत गरिरहेको छ भने नेपालको अहिलेको कर्मचारी प्रशासनको काम गर्ने शैली, सेवाको गुणस्तरमा नागरिकलाई विश्वास छैन, घृणाभाव बढ्ता छ । अर्कातिर संवैधानिक निकायको काम गर्ने शैली र साखमा गम्भीर प्रश्न उठेका छन् । त्यो प्रश्न त्यतिबेला उठ्यो, जतिबेला पूर्वकर्मचारीले ती संस्थालाई अवकाशपछिको क्लबको रूपमा उपयोग गर्न थाले । संवैधानिक आयोगका नियुक्तिलाई आफ्नो अधिकारजस्तो ठान्न थाले । राजनीतिक दलसँग 'नेक्सस' मिलाउने सचिव र सहसचिवहरूले संवैधानिक आयोगलाई आफ्नो बिर्ता ठान्न थाले ।

विषयविज्ञ र राजनीतिक तहबाट नियुक्त हुने राजदूत पदमा पनि कर्मचारीले अस्वाभाविक चलखेल गरेका छन् । सुरुमा परराष्ट्रका सहसचिवहरूले आधा/आधा भाग पाउने व्यवस्था मिलाए । परराष्ट्रबाट सहसचिव हुँदा पनि राजदूत हुने, अनि सचिवबाट अवकाश भएपछि पनि राजदूत नै हुन थाले । त्यसपछि अन्य सचिवहरूले अवकाशपछि राजदूत हुन राजनीतिक नेतृत्वसँग लाइन मिलाउन थाले । यो विकृत प्रवृत्तिलाई मलजल राजनीतिक तहबाटै भइरहेको छ । नोकरशाही शैलीले विदेशको राजनीतिक नेतृत्वसँग प्रत्यक्ष संवाद गर्ने हिम्मत राख्दैन, जसको प्रभाव अहिले विदेशस्थित नेपाली दूतावासको कार्यशैलीले देखाइरहेको छ ।

त्यसैले, अहिले संसदलाई अपमान गरी छलछाम गरियो, त्यसमा कर्मचारी एक्लोको हिम्मत पक्कै होइन । त्यसमा राजनीतिक नेतृत्वको संलग्नता र सहयोग छ भन्ने आंशका अस्वाभाविक हुँदैन । यो नागरिक विश्वासमाथिको घात हो । सार्वभौम संसदको अपमान हो । नैतिकता र सामाजिक पुँजी स्खलित भएको प्रमाण हो । यस्तो अक्षम हर्कत गर्ने जोकोहीले माफी मागेर उम्किन मिल्दैन । यो अक्षम अपराध हो । त्यसैले दोषीलाई विभिन्न बहानाबाजीमा उन्मुक्ति होइन, कठघरामा उभ्याइनुपर्छ । त्यसका लागि संसदले तत्काल छानबिन समिति बनाउनुपर्छ । यो प्रकरणको राडारमा जति पनि छन्, उनीहरूले छानबिनमा सहयोग गर्नुपर्छ ।

अहिले राज्यव्यवस्था समितिका सभापति रामहरि खतिवडा, समितिका सदस्य, संसद सचिवालयका महासचिव पाण्डेय, सचिव सुरजकुमार दुरा, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता, अनि विधेयक मस्यौदा गर्ने कर्मचारी मात्र होइन, मुख्य सचिव अर्यालसहितको टोली राडारमा परेको देखिन्छ । त्यस कारण अहिले संसद र सरकारले विधायिकी अधिकारमाथि हस्तक्षेप गर्नेमाथि दण्डित गर्न सकेनन् भने दुष्परिणाम भ्याँगिने खतरा छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाव |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विश्वकै ठूलो शालिग्राम शिला एक महिनादेखि डुवानमा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सङ्गमस्थलमा रहेको विश्वकै ठूलो शालिग्राम शिला विगत एक महिनायता डुवानमा परेको छ ।

मनसुन सुरु भएसँगै कालीगण्डकी नदीको सतह बढेका कारण शालिग्राम शिला डुवानमा पर्नुका साथै आसपासका संरचनासमेत भत्किएर जोखिममा परेको छ । शिलामा जाने बाटो, नजिकै रहेको सत्तल र परिक्रमास्थल डुविसकेको शालिग्राम विद्याश्रमका संरक्षक कुलराज तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार जेठ अन्तिम सातादेखिनै शालिग्राम शिला डुवानमा परेको हो ।

यतिबेला नियमित वर्षा भएकाले कालीगण्डकीमा पानीको सतह ह्वात्तै बढेको छ । शिला डुवानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितहरूसमेत विस्थापित बनेका छन् भने नियमित पूजापाठ र दर्शन गर्न आउने भक्तजनसमेत शालिग्राम शिला दर्शन गर्नबाट बञ्चित बनेका छन् । सेतीवेणीमा मिसिने सेतीखोलाको बाहब र कालीगण्डकी उच्च बहावले शिला परिक्रमास्थल समेत पूर्णरूपमा क्षत्‌विक्षत् बनेको स्थानीय तिलक परालुलीले बताउनुभयो । पवित्र शालिग्राम शिलासँगै शालिग्राम क्षेत्रका सत्तल लगायतका सबै संरचना डुवानमा परेका छन् । शिला संरक्षणका लागि बनाएको तटबन्ध र ग्याबिन जालीसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जान रोक लगाइको छ । कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सिमानामा पर्ने सेतीबेणीबजार डुबानको खतरामा पर्ने गरेको हो । कालीगण्डकी र सेतीखोलाको बहाब बढेसँगै सेतीबेणीबजार डुबानमा पर्ने चिन्ताले पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फको बजार क्षेत्रका झण्डै दुई सय ब्यापारी तथा सर्वसाधरण त्रसित बनेका छन् ।

गत वर्ष साउनमा आएको बाढी बजारसम्म पुगपछि एक घर भत्किनुका साथै आधा दर्जन घर विस्थापित बनेका थिए । कालीगण्डकी नदीलाई बहाब परिवर्तन नगरेसम्म जोखिम कायमै रहिरहने गल्याङ नगरपालिका-५ का अध्यक्ष घनश्याम भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार गुल्मीतर्फवाट बहाव लगेर शालिग्राम शिलाको संरक्षण गर्नुपर्ने उहाँको माग रहेको छ । शालिग्राम शिला अवस्थित स्थानको नजिकमा रहेको स्याङ्जाको गल्याङ नगरपालिका, पर्वतको विहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले आवश्यक समन्वय गरेर सेतीवेणी क्षेत्रको संरक्षण गर्नुपर्ने विहादी गाउँपालिकाका अध्यक्ष परबीन गुरुङले जानकारी दिनुभयो ।

# 'लिफ्ट' सिँचाइबाट रोपाइँ

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ असार

बागलुङको धेरै उब्जनी हुने जमिन दम्काफाँटमा 'लिफ्ट'मार्फत ल्याइएको पानीले रोपाइँ थालिएको छ ।

दम्काफाँटको २४ हेक्टरमा कालीगण्डकीबाट पानी तानेर यही असार १५ गतेदेखि रोपाइँ थालिएको हो । पोखरास्थि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले रु तीन करोडको लागतमा यहाँ पानीको व्यवस्था गरेको आयोजना प्रमुख विदुरमान श्रेष्ठले बताउनुभयो । उर्बर भूमि दम्काफाँटमा प्रशस्त धान फल्ने गरेको छ । कृषि उत्पादकत्व बढाउन सिँचाइको व्यवस्था गरिएको बताउँदै उहाँले पानी ल्याउन 'डबल लिफ्ट' गरिएको जानकारी दिनुभयो । पहिलो १४० र दोस्रो १४३ मिटरमा दुई वटा लिफ्ट प्रणालीमार्फत दम्काफाँटमा प्रतिसेकेण्ड ५.५ लिटर पानीको व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

हालसम्म ठेक्का र उपभोक्ता समितिमार्फत रु दुई करोड खर्च भइसकेको छ भने केही स्थानमा पानी आपूर्तिको काम बाँकी छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ रातीखहरे मैदान तथा स्तरोन्नती तथा तारजाली कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः रातीखहरे खेलमैदान तथा स्तरोन्नती तथा तारजाली
ठेगानाः पोखरा-१५, रातीखहरे
योजना शुरु हुने मितिः २०८२/०२/३० गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१९ गते
योजनाको कुल लागतः रु. ५,६८,४२१।-
महानगरपालिकाबाटः रु. ५,४०,०००।-
जनसहभागिताबाटः रु. २८,४२१।-
उपभोक्ता समिति अध्यक्षः रोशन भुजेल, उपाध्यक्षः एन्जिला बानियाँ, सचिवः राजकुमार भुजेल, कोषाध्यक्षः दुर्गा कुमारी मल्ल, सदस्यः दिपेन्द्र भुजेल, सुमित्रा भुषाल शर्मा, रोशन थापा

**रातीखहरे खेलमैदान तथा स्तरोन्नती तथा तारजाली उपभोक्ता समिति पोखरा-१५**


# जनप्रकाशमा ५२ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ असार




जनप्रकाश बहुमुखी क्याम्पस अल्मुनाइ एशोसिएसनद्वारा आयोजित रक्तदान कार्यक्रममा ५२ युनिट रगत संकलन भएको छ ।

संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम आयो्जना गरेको जनप्रकाश क्याम्पस अल्मुनाइ एशोसिएसनका अध्यक्ष पदम थापाले जानकारी दिनुभयो कार्यक्रमका प्रमुख अतिथि जनप्रकाश बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष विजयराज भण्डारीले पहिलो रक्तदाता हरिश्चन्द्र पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरेर उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि भण्डारीले रक्तदान जीवनदान भएको बताउँदै संस्थाको कार्यको प्रशंसा गर्नुभयो । जनप्रकाश क्याम्पस अल्मुनाइ एशोसिएसनका अध्यक्ष पदम थापाको सभापतित्व एवम् सचिव कमल थापा मगरले सञ्चालन गर्नुभएको कार्यक्रममा सदस्य सशिश भट्टराईले स्वागत गर्नुभएको थियो । कार्यक्रममा जनप्रकाश बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख ऋषिराम बुढाथोकी, रक्त सञ्चार केन्द्रका प्राविधिक महेन्द्र केसी, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल लगायतले रक्तदानको महत्व लगायतका विषयमा बोल्नुभएको थियो ।

# किसानलाई २२ प्रजातिका बिरुवा वितरण

**पोखरापत्र संवाददाता**
दमौली, १९ असार

जिल्लाका किसानलाई डालेघाँसको सहज व्यवस्था होस् भन्ने उद्देश्यले डिभिजन वन कार्यालयले २२ प्रजातिका बिरुवा निःशुल्क वितरण गरेको छ ।

उक्त कार्यालयले यो वर्ष किसानलाई ४० हजार बिरुवा वितरण गर्ने लक्ष्य लिएको जनाएको छ । सहायक वन अधिकृत राजकुमार श्रेष्ठका अनुसार किसानलाई कार्यालयको नर्सरीमा उत्पादित चाँप, खयर, निम, चिउरी, कटहर, बकाइनो, राइखन्यु, निमारो, अमला, हर्रो, टिमुर, बडहर, तेजपात, कुरिलो, कपुर, धुपी, अशोका, बेल, वर, पिपल, म्याङ्गोस्टिक, कल्कीफूलका बिरुवा वितरण गरिएको हो । गत आर्थिक वर्षमा कार्यालयले ८२ हजार बिरुवा वितरण गरेको थियो । जिल्लाका कूल क्षेत्रफलमध्ये करीब ७२ हजार ८० हेक्टर वनले ओगेटेको छ । जिल्लाभर ६१६ वटा सामुदायिक वन र ४८५ वटा कबुलियती वन रहेको छ ।

# दुई करोड ३१ लाखमा बन्यो झोलुङ्गे पुल

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ असार

धौलागिरि गाउँपालिका-३ मुना फलीयागाउँ र दर जोड्ने दरखोलामाथि रु दुई करोड ३१ लाख ३६ हजार ७५० को लागतमा ३६६ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको छ ।

पोखरास्थित स्थानीय पूर्वाधार विकास आयोजनाले पुल निर्माण गरेको हो । पुल बनेपछि धौलागिरि चक्रीय पदमार्गमा जाने पर्यटकलाई सहज भएको छ । साथै दर, मुदी, खिवाङ, नेरवाङ, बगर, नाउराका बासिन्दा लामो बाटो भएर गाउँपालिकाको केन्द्र मुना पुग्नुपर्ने बाध्यताबाट मुक्त भएका छन् ।

विसं २०८२ को मङ्सिरसम्ममा पूरा गर्नेगरी सम्झौता भएकामा निर्माण कम्पनीले हाले काम पूरा गरेर पूर्वाधार कार्यालयलाई हस्तान्तरण गरेसँगै पुल सञ्चालनमा आएको हो ।

# गण्डकी प्रदेशद्वारा लमजुङका चौतारा मर्मत

**पोखरापत्र संवाददाता**
लमजुङ, १९ असार

गण्डकी प्रदेश सरकारले यहाँका चौताराको मर्मत तथा संरक्षण गरेको छ । चक्रिय अन्नपूर्ण पदमार्गमा पर्ने मर्स्याङ्दी गाउँपालिका-६ बाहुनडाँडामा जीर्ण बन्दै गएको उपल्लो टाउको चौताराको मर्मत गरी संरक्षण गरेको हो ।

राष्ट्रकवि माधवप्रसाद घिमिरे प्रतिष्ठानका अध्यक्ष लोकनाथ घिमिरेका अनुसार प्रदेश सरकारको रु १० लाख लाखतमा चौतारा मर्मत तथा संरक्षण गर्ने कार्य सम्पन्न भएको छ । उहाँले भन्नुभयो, "चौतारा वरिपरी पर्खाल लगाउने, चौतारासम्म पुग्ने दुई सय मिटर बाटो ढलान गर्नेलगायत पूर्वाधार निर्माण र विस्तारको काम सम्पन्न भएको छ । चौतारा वरिपरी २५ जना एकै पटक बस्न मिल्ने ठाउँ, रङ्रोगन गरिएको छ , बाटो ढलान गर्न बाँकी छ ।" स्थानीयका अनुसार राष्ट्रकवि माधवप्रसाद घिमिरेले गामबेँसी गर्दा खेल्ने, बस्ने गरेको यस चौतारामा पिपलको बोट छ । पछिल्लो समय लोप हुँदै गएको यस्ता चौताराको संरक्षण हुन नसक्दा चौतारा देख्नै मुस्किल हुन थालेपछि संरक्षण अभियान थालिएको हो । चौताराको संरक्षण साथै राष्ट्रकवि घिमिरेले बस्ने यो चौतारा नयाँ पुस्ता माझ इतिहासका रूपमा परिचित गराउन प्रदेश सरकारसँग बजेट माग गरेर संरक्षण गर्न लागिएको अध्यक्ष घिमिरेले बताउनुभयो । उहाँका अनुसार पिपललाई हिन्दूहरूले भगवान् विष्णुको अवतार मानेर पूजा गर्दछन् । सबैभन्दा बढी अक्सिजनमा धनी रुख पनि पिपल हो । धार्मिक रूपमा महत्त्वपूर्ण मानिएका बरपिपलका चौताराहरू गाउँघरबाट विस्तारै नासिँदै जान थालेपछि यहाँका बूढापाका चिन्तित थिए । प्रदेश सरकारले राष्ट्रकवि घिमिरेले बालापनमा बस्ने र खेल्ने चौतारा संरक्षण अभावमा सङ्कटमा पर्दै गएपछि मर्मत थालेको हो । चौतारा संरक्षण हुन थालेपछि स्थानीय खुसी भएका छन् । स्थानीय विष्णु गुरुङले भन्नुभयो, "चौतारा मर्मत भएसँगै पुनः बाटो हिँड्दा, थकाइ लाग्दा आराम गर्न, भारी बिसाउन स्थानीयलाई सहज हुनेछ ।" योसँगै चौतारा संरक्षण हुने, पदमार्गमा आउने विदेश पर्यटक, स्थानीय तथा बटुवालाई आवतजावतका क्रममा आराम गर्न पाउने, नयाँ पुस्ताले इतिहासका बारेमा जानकारी पाउने भएकाले सबैले चौतारा संरक्षणमा समन्वय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । चौताराबाट मनाङको केही भाग, जिल्लाको ताघ्रिङ गाउँ, मर्स्याङ्दी नदीलगायत विभिन्न हिमाल देख्न सकिन्छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ जय प्रगति अगाडिको गणेश मार्ग बाटो ढलान निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः जय प्रगति अगाडिको गणेश मार्ग बाटो ढलान
ठेगानाः पोखरा-१७ विरौटा, पावरहाउस
योजना सम्झौता मितिः २०८२/०२/१५ गते
योजना शुरु मितिः २०८२/०२/२१ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजना सम्पन्न मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागतः रु. ६,०२,४८०।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८९२२७.९५
जनसहभागिताबाट थप रकम रु. १३,२५२.०५
उपभोक्ता समिति अध्यक्षः भिम बहादुर पिडित क्षत्री
सम्पर्क नं.: ९८६५४०१३५१
उपभोक्ता समिति सदस्यः ७ जना
महिलाः ५ पुरुषः २ जना

**जय प्रगति अगाडिको गणेश मार्ग बाटो ढलान उपभोक्ता समिति पोखरा-१७**

# बारपाकको दलित बस्ती: घर २१, शौचालय एक

प्रतीक्षा आले
गोरखा, १९ असार/रासस



दिपासा बिक (१८ महिने सुत्केरी) हरेक दिन बिहानको ३-४ बजे हातमा लोटा लिएर घरमाथिको शौचालय पुग्नुहुन्छ । तीस वर्षकी उहाँसँगै छरछिमेकका अन्य छोरी बुहारीहरु कोही एकाबिहानै र कोही मध्यरातमा शौचालय धाउँछन् । बारपाक सुलिकोट गाउँपालिका वडा नं-२ दलितबस्तीका महिलाहरु यसरी मध्यरातमा शौचालय धाउनुपर्ने कारण चाहीँ, 'घरधुरी २१, शौचालय एक' भएर हो ।

तुलनात्मक रुपमा सम्पन्न बारपाकको पुछारमा रहेको दलितबस्ती सबै हिसाबले पिछडिएको छ । २०७२ सालको विनाशकारी भूकम्प गएको १० वर्ष बितिसक्दा पनि यहाँका बासिन्दा अझै त्रिपालभित्र बस्न विवश छन् । दलितबस्तीको मुख्य समस्या शौचालय हो । २१ घरधुरी रहेको दलितबस्तीमा जम्मा एउटा शौचालय छ । त्यो पनि जीर्ण । राम्रोसँग ढोका पनि नलाग्ने । सिङ्गो दलितबस्तीलाई शौचालयको समस्याले पिरोलेको अर्का स्थानीय दिपासा बिक गुनासो गर्नुहुन्छ । "सरकारले हामीलाई घर बनाइदिन्छौँ, जग्गा दिन्छौँ भनेर १० वर्षअघि यहाँ ल्यायो । हामीले हाम्रो पुरानो घरघडेरीको लालपूर्जा पनि सरकारलाई दिइसक्यौँ तर, के गर्नु अहिलेसम्म घर त के, गतिलो शौचालय समेत बनाउन सकेका छैनौं", उहाँले भन्नुभयो, "हामी अहिले सरकारी जग्गामा बस्दै आएका छौँ । आफ्नो हिसाबले शौचालय बनाउन पनि सक्दैनौँ ।" शौचालय नहुँदा विशेषगरी यहाँका महिला तथा किशोरीहरु समस्यामा छन् । १६ वर्षकी अर्की किशोरी अमृता बिकले घरैपिच्छे शौचालय नहुँदा धेरै दुःख सहनु परेको गुनासो गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'सबैभन्दा धेरै समस्या महिनावारीको समयमा हुन्छ । एउटा मात्र शौचालय छ, बिहान बेलुका धुँइचो लाग्छ । राती पनि जाँडरक्सी खाएका केटाहरुले धेरै फोहोर गर्दिन्छन् ।' व्यवस्थित शौचालय नहुँदा बस्तीका मानिसले खुल्ला दिसापिसाव गर्न बाध्य रहेको उहाँको भनाइ छ ।

एक्काइस घरधुरीका ५० भन्दा धेरै व्यक्तिले एउटै शौचालय प्रयोग गर्दा बस्तीमा बेलाबखत सरुवा रोग समेत फैलिने गरेको छ । स्थानीय मङ्गलबहादुर सुनारका अनुसार बस्तीमा हैजा, ज्वरो, झाडापखाला, रुघाखोकी लगायतका सरुवा रोगहरु फैलिरहन्छ । 'यहाँ त सबैलाई कोरोना आए कोरोना, भाइरल ज्वरो आए भाइरल ज्वरो, डेंगी आए सबैलाई डेंगी हुने हो', उहाँले भन्नुभयो, 'सबैले एउटै शौचालय प्रयोग गर्दा गर्मी समयमा सजिलै रोग फैलन्छ ।' उहाँका अनुसार कोभिड महामारीको समयमा मात्र बस्तीका पाँच जनाको मृत्यु भएको थियो ।

आफूहरु फोहोरमैलामा बसेका कारण सामाजिक रुपमा अपहेलित हुनु परेको अर्की स्थानीय ५७ वर्षकी मैती सुनार बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'भेदभाव किन नहोस्, सबैको ठुल्ठूला महल छन्, सफा आँगन ट्वाइलेट छ । हामी भने यस्तो फोहोरमा बस्छौँ । हेलाहोचो भैहाल्छ नि ।' बारपाकको सौन्दर्यमा मन्त्रमुग्ध हुने जो कोहीले त्यही मुनि खोल्साको छेउको दलित बस्तीमा भने नजर लाउन छुटाइरहेका हुन्छन् ।

२०७२ साल वैशाख १२ गते ११:५६ बजे बारपाक केन्द्रविन्दू भएर गएको ७.८ रेक्टरको भूकम्पले यहाँका एघारसय घरधुरी क्षणभरमै ढले । गाउँका ७२ जनाको मृत्यू भयो । बाँचेकाहरु पनि महिना दिनसम्म चौरमा, बारीका गरामा बास बसे ।डाँडागाउँ, गैरीगाउँ, कोटडाँडा टोलका ४१ घरधुरी बिक समुदाय कृषि र पशु कार्यालयको नाउँमा रहेको जग्गामा आएर अस्थायी टहरो बनाएर बसे । १४ घरधुरी फेरि आ-आफ्नै थातथलोमा फर्किए । डाँडागाउँ, गैरीगाउँ टोलका २७ घरधुरीको पुरानो थलो पहिरिएर राङरुङखोलासम्म पुग्यो । फर्किन सक्ने अबस्था नभएपछि उनीहरुले आफ्नो घरघडेरीको लालपूर्जा सरकारलाई बुझाए र सट्टापट्टा गरी सोही सरकारी जग्गा आफ्नो नाउँमा ल्याउन पहल थाले । पहल गरेको १० बर्ष बितिसक्दा पनि अझै सफल हुन सकेको छैनन् । राज्यको हरेक निकायमा दलित, भूमिहीन समुदायलाई प्राथमिकतामा राखेर सेवा सुविधा दिइन्छ, तर भूकम्पको केन्द्रविन्दू बारपाककै दलित समुदायको भने भूकम्प गएको पहिलो दिनदेखि १० बर्ष बितिसक्दासम्म टहरोकै बास छ । यहाँका दलित समुदायका अगुवा सुकबहादुर बिक दलित समुदायलाई बास माग्दै ८६ पटक सिँहदरबार धाएको बताउनुहुन्छ । "मैले बुझेअनुसार हामीलाई अन्याय भएको राजनीतिक प्रतिशोधले हो", उहाँ भन्नुहुन्छ, "यो दलित बस्तीलाई पुनस्थापना गर्ने लडाइँ १० बर्ष भइसक्यो, प्रगति छैन । एउटा पार्टी सरकारमा आउँदा जिल्लासम्म पत्राचार गर्छ । फेरि अर्को पार्टीको सरकार आउँछ, अनि सबै फाइल गायब बनाइदिन्छन् ।" पूर्वसहमति अनुसार यहाँको ६ रोपनी १० आना जग्गा २१ घरधुरीका नाममा लालपूर्जा दिनुपर्ने अर्का अगुवा दलित उत्तम बिक बताउनुहुन्छ । गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट सो जग्गा दलित समुदायको नाममा दिलाउन जति प्रयास गर्दा पनि नसकेकाले कुनै बैकल्पिक ठाउँमा व्यवस्था गर्न बरु सजिलो हुने देखिएको बताउनुहुन्छ ।

# वनको झाडी फाँडेर तीन सय रोपनी क्षेत्रमा निहुरो र अम्रिसोखेती

पोखरापत्र संवाददाता
बागलुङ, १९ असार



सामुदायिक वनलाई उत्पादनसँग जोड्न बागलुङको काठेखोला गाउँपालिका-७ रेशमा निहुरो र अम्रिसोखेती गरिएको छ । वडा कार्यालय र स्थानीयले तीनवटा सामुदायिक वनमा झाडी फाँडेर करिब ३०० रोपनी क्षेत्रमा निहुरो र अम्रिसो लगाएका हुन् ।

यहाँका तीतेझारी, माकुका र साँघुखोला सामुदायिक वनको ३०० रोपनी क्षेत्रमा खेती सुरु गरिएको वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो । अन्य सामुदायिक वनमा पनि बिस्तारै खेती गर्दै जाने उहाँले योजना सुनाउनुभयो । तीन वर्षअघि १२ रोपनीमा सुरु गरेको यो खेती हाल ३०० रोपनीमा फैलाउन सफल भइएको अध्यक्ष लामिछानेले बताउनुभयो ।

यसका लागि वडा कार्यालय र स्थानीयको जनश्रमदान गरी हालसम्म रु तीन लाख लगानी भएको छ । हाल गाउँमै निहुरो र अम्रिसोको बिरुवा उत्पादन हुन थालेकाले बिरुवामा धेरै खर्च नभएको हो । रेश गाउँमा पहिले निहुरो र अम्रिसो नपाइए पनि हाल हरेक किसानले बारीको कान्लामा समेत यसको खेती गर्न थालेका वडाध्यक्ष लामिछानेले बताउनुभयो । पहिले गाउँमा मान्छे धेरै हुन्थे, पशुचौपाया पनि धेरै पाल्थे, हाल बसाइँसराइले गाउँमा मान्छे कम छन्, पहिलेको जस्तो वस्तुभाउ पाल्दैनन्, त्यसले गर्दा वनमा झाडी पलायो", उहाँले भन्नुभयो, "त्यसैले स्थानीयसँग सहकार्य गरेर झाडी फाँडेर निहुरो र अम्रिसो लगाएका छौँ, अरू बिरुवा पनि फाटफुट लगाएका छौँ । वनलाई पनि अब आम्दानीसँग जोडौँ भन्ने हिसाबले यो काम सुरु गरेका हौँ ।" स्थानीय धनबहादुर जिसी हाल लगाइएको निहुरो र अम्रिसोको उत्पादन बढेमा सामुदायिक वनमा फैसा फल्ने बताउनुहुन्छ । तरकारीका रूपमा प्रयोग हुने निहुरो र अम्रिसोको माग र मूल्य पनि राम्रो भएकाले ठूला सहरमा निर्यात गर्न पनि सकिने उहाँको भनाइ छ । झाडी फाँडेर साना बिरुवा लगाएपछि वन्यजन्तुको आक्रमण हुने जोखिम पनि कम भएको जिसीको विश्वास छ ।

काठेखोला-७ की उजेली शर्माले गाउँकै सामुदायिक वनबाट बिरुवा सङ्कलन गरी खेती बिस्तार गरेको सुनाउनुभयो । "पहिले निहुरो खोज्नका लागि धेरै टाढाको जङ्गलमा जाने गरेका थियौँ, हाल नजिकैको सामुदायिक वनमा पाउन थालेको छ । काम नलाग्ने झाडीको ठाउँमा काम लाग्ने बस्तु रोपेपछि हामी सबै उत्साहित छौँ । उत्पादन बढी हुँदै गएपछि बिक्री गरेर यहीँबाट जीविकोपार्जन गर्न सकिने आशा छ", उहाँले भन्नुभयो ।

# पर्यटकीय क्षेत्र हात्तीढुङ्गामा थपिँदै पूर्वधार

पोखरापत्र संवाददाता
बागलुङ, १९ असार

बागलुङको जैमिनी नगरपालिकाले पर्यटकीय क्षेत्र हात्तीढुङ्गाको प्रवर्द्धन गर्न थालेको छ । एक दशक अगाडिसम्म गुमनाम रहेको हात्तीढुङ्गामा पछिल्लो समय धार्मिक पर्यटकको आकर्षण बढ्दै गएपछि नगरपालिकाले पूर्वधार निर्माणमा जोड दिएको छ ।

जैमिनी-९ पैँयूथन्थापमा पर्ने उक्त हात्तीढुङ्गाका स्थानीय बुढापाकाका अनुसार विसं २००६ तिर फेला परेको थियो । ठूलो ढुङ्गामा हात्तीको जस्तो सुँड छ । उक्त ढुङ्गालाई विसं २०१२ देखि गाउँलेले गणेशको रूपमा पूजा गर्दै आए पनि बाहिरबाट खास्सै भक्तजन जाँदैन्थे । अहिले प्रचारप्रसार हुन थालेपछि जैमिनी र आसपासका क्षेत्रबाट पर्यटक पुग्ने गरेका छन् । नगरपालिकाले हात्तीढुङ्गा क्षेत्रमा पर्यटकीय पूर्वधार निर्माण गर्दै आएको छ । यसवर्ष पनि सङ्घीय सहरी विकास मन्त्रालयबाट विनियोजित रु एक करोड लागतमा सडक लगायतका पूर्वधार निर्माण गरिएको छ । नगर उपप्रमुख हरिहर शर्माले रु ५० लाखमा बारीखेतदेखि हात्तीढुङ्गा जोड्ने सडक निर्माण गरिएको र रु ५० लाखमा मन्दिर, खेलमैदान, सत्तल लगायतका पूर्वधार निर्माण गरेको उहाँको भनाइ छ । यसभन्दा अगाडि खानेपानी र शौचालय लगायतका संरचना बनाइसकेको शर्माले बताउनुभयो । स्थानीयले पहिले सिद्धीविनायक गणेश मन्दिर गरेर पूजाआजा गर्दै आएको भन्दै सोही स्थानमा शिव मन्दिर निर्माण गरिएको शर्मा बताउनुहुन्छ । उपप्रमुख शर्माले भन्नुभयो, "हात्तीढुङ्गा जैमिनीको प्रमुख पर्यटकीय गन्तव्य हो, यसलाई पर्यटकीय र धार्मिक हिसाबले विकास गर्दै गइरहेका छौँ, पछिल्लो समय यहाँ आउने भक्तजनको सङ्ख्या पनि बढ्दै गएको छ, यहाँ नागरिकको पनि ठूलो लगानी छ, राज्यका विभिन्न निकायबाट हालसम्म रु एक करोड ४० लाख बढी लगानी भएको छ, यसको प्रवर्द्धनका लागि नगरपालिकाले पनि निरन्तर बजेट विनियोजन गरेर काम गर्दै आएको छ । स्थानीय तुलबहादुर थापा यहाँ पूजा गरेपछि मनोकांक्षा पूरा हुने जनविश्वास रहेको हुँदा पछिल्लो समय धार्मिक पर्यटक बढ्न थालेको बताउनुभयो । खास गरी यहाँ शिवरात्रिमा ठूलो पूजाआजा हुने हुँदा जैमिनीसहित, बरेङ, बागलुङ, गुल्मीलगायतका ठाउँबाट भक्तजन आउने गरेको उहाँको भनाइ छ । पहिले गाउँका स्थानीयले मात्रै पूजाआज गर्ने हात्तीढुङ्गामा अहिले टाढा-टाढाबाट भक्तजन आउन थालेपछि चहलपहल बढ्ने गरेको थापा बताउनुहुन्छ । यहाँसम्म आइपुग्ने सडकलाई थप व्यवस्थित बनाउन जरुरी रहेको उहाँको भनाइ छ ।

# भीरकोटका उत्कृष्ट नौ किसान सम्मानित

पोखरापत्र संवाददाता
वालिङ, १९ असार



स्याङ्जाको भीरकोट नगरपालिकाले पालिकाभित्रका उत्कृष्ट नौ किसानलाई सम्मान गरेको छ ।

ल ा म ा ` समयदेखि व्यावसायिकरूपमा कृषि गर्दै आएका नगरका नौ उत्कृष्ट किसानलाई नगरपालिकाले प्रोत्साहनस्वरुप सम्मान गरेको हो ।

नगरपालिकाले कृषि विकास कार्यक्रमअन्तर्गत किसानलाई रु १० हजार नगदसहित प्रमाणपत्रले सम्मान गरेको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो । नगरपालिकाका नौ वटै वडामा कृषि कर्म गर्दै आउनुभएका किसान तथा किसान समूहलाई सम्मानका लागि आवेदन आह्वान गरिएको र सोही आवेदनका आधारमा उत्कृष्ट किसानका रूपमा छनोट गरी सम्मान गरिएको उहाँले बताउनुभयो । "कृषि कर्म गर्दै आएका १८ किसान तथा किसान समूहको आवेदन प्राप्त भएको थियो", उहाँले भन्नुभयो, "प्राप्त आवेदनका आधारमा स्थलगत अनुगमन गरेर मूल्याङ्कन तथा छनोट समितिबाट सिफारिस भई आएका किसानलाई सम्मान गरेका हौँ ।" सम्मानित हुनेहरूमा वडा नं २ का खाद्यान्न तथा नगदेबाली उत्पादक किसान कृष्णबहादुर अधिकारी, वडा नं ३ का किसान लोकबहादुर खत्री, वडा नं ६ का गाईपालक किसान कमल गोदार, वडा नं ६ कै भैँसीपालक किसान शिव खत्री, वडा नं ७ का फलफूलखेती गर्ने किसान श्यामप्रसाद अर्याल, वडा नं ७ कै फलफूलखेती गर्ने व्यावसायिक किसान ननिता अर्याल राना, वडा नं ८ का नविनतम कार्य अन्तर्गत बाख्राको दूधबाट चीज लगायतका परिकार उत्पादनमा सक्रिय किसान डिलबहादुर गुरुङ र वडा नं ९ का बाख्रापालक किसान भेमराज रेग्मीलाई नगदसहित सम्मान गरिएको हो ।

सम्मानित हुनेमा सात पुरुष किसान र दुई महिला किसान रहनुभएको छ । किसानलाई उत्पादन वृद्धि गर्नुका साथै कृषि पेसालाई व्यावसायिक बनाउन किसान सम्मानले थप प्रोत्साहन र ऊर्जा मिल्ने प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुलीले बताउनुभयो । लामो समयदेखि कृषि कर्म गर्दै आएका किसानलाई छनोट गरी सम्मान गर्ने कार्यले आफूजस्ता अन्य सयौं किसानलाई थप ऊर्जा र प्रोत्साहन पुग्ने दाबी भीरकोट-८ का बाख्रापालन व्यवसाय गर्दै आउनुभएका डिलबहादुर गुरुङले बताउनुभयो ।

"गाउँमै बसेर कृषि कर्म गर्दा पनि सम्मानित भइने रहेछ भन्ने देखिएको छ", उहाँले भन्नुभयो, "जसकाकारण आगामी दिनमा व्यवसाय प्रवर्द्धनका लागि थप प्रोत्साहन र ऊर्जा मिलेको महसुस गरेको छु ।"

# मुस्ताङमा वायु गुणस्तर मापन केन्द्र स्थापना

पोखरापत्र संवाददाता
मुस्ताङ, १९ असार

मुस्ताङमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरिएको छ ।

नेपाल सरकार वातावरण विभागले यहाँको जोमसोमस्थित जिल्ला प्रशासन कार्यालय नजिकै रहेको शालिग्राम उद्यान पार्कमा केन्द्र स्थापना गरेको हो ।

विभागका महानिर्देशक ज्ञानराज सुवेदीले सरकारले ३१औं वायु गुणस्तर मापन केन्द्र स्थापनाका लागि यहाँ आवश्यक भौतिक संरचना तथा प्रविधि जडान गरेको जानकारी दिनुभयो । वातावरणीय स्वच्छता कायम राख्ने, प्रदूषणलाई निश्चित सीमाभित्र सन्तुलनमा राख्ने, दिगो विकासका अङ्गसँग जोड्ने र मानव स्वास्थ्यलाई प्रतिकूल हुन नदिनेलगायत उद्देश्य राखेर यहाँ मापन केन्द्र स्थापना गरिएको उहाँले बताउनुभयो ।

विभागले समुन्द्री सतहको तीन हजारभन्दा माथि उचाइमा विश्वका पाँच स्थानमा यस प्रकारको वायु गुणस्तर मापन केन्द्र स्थापना भएको र त्यसमध्ये दुई नेपालमा रहेको विभागका महानिर्देशक सुवेदीले जनाउनुभयो । "यस खालको प्रविधि मुगुको रारा र त्यसपछि मुस्ताङको जोमसोममा स्थापना गरिएको छ । यसअघि नेपालका ३० जिल्लामा वायु गुणस्तर मापन केन्द्र सञ्चालनमा ल्याइसकेका छौँ । मुस्ताङमा प्रविधि जडान गर्न रु एक करोड बढी खर्च भएको छ", उहाँले भन्नुभयो ।

विभागले यहाँ पफ प्यानलगृह निर्माणसहित दुई हजार किलोवाटको सौर्यऊर्जा सोलार प्यानल, विद्युत् पहुँचका साथै इन्टरनेट जडान गरिएको जनाएको छ । यहाँ जडान गरिएको उपकरणले वायुको गुणस्तर, वातावरणीय स्वच्छता र वातावरण प्रदूषणलाई न्यूनीकरण गर्न अपनाउनुपर्ने भावी रणनीति तय गर्न सहज हुने अपेक्षा गरिएको छ । मापन केन्द्रमा प्रविधि जडानसँगै यसको परीक्षण प्रसारण भइरहेको र त्यस क्रममा यहाँको वायु गुणस्तर अङ्क तीन मात्रै देखिएको महानिर्देशक सुवेदीले जानकारी दिनुभयो ।

"विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले औसत ५० अङ्क सम्मलाई वायु गुणस्तर राम्रो रहेको जनाएको छ । हामीले ४० अङ्कसम्मलाई वायुको गुणस्तर राम्रो हो भन्ने ठानेका छौँ",उहाँले भन्नुभयो, "यहाँ तीन अङ्क मात्रै दखिनु वायुको गुणस्तर निकै राम्रो हो भन्न हो। यहाँको वायुको अपेडट हेर्दा यो वायु प्रदूषण शून्य जस्तै हो ।"


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ सशस्त्र प्रहरी शिक्षालय निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : सशस्त्र प्रहरी शिक्षालय
उपभोक्ता समितिको नाम : सशस्त्र प्रहरी शिक्षालय उपभोक्ता समिति, पोखरा-१४, कास्की
योजना सम्झौता मिति : २०८२/०२/२५
योजना सुरु मिति : २०८२/०२/२६
योजना सम्पन्न भएको मिति : २०८२/०३/१६
महानगरपालिकाबाट : रु. १५,००,०००/-
जनसहभागिता : रु. २,६५,०४३/-
योजनाको कुल लागत : रु. १७,६५,०४३/-

रोदिप कार्की
अध्यक्ष
सशस्त्र प्रहरी शिक्षालय उपभोक्ता समिति
पोखरा-१४, कास्की

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ छापाको चौतारा देखि मुडुलो बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : छापाको चौतारा देखि मुडुलो बाटो ढलान
उपभोक्ता समितिको नाम : छापाको चौतारा देखि मुडुलो बाटो ढलान उपभोक्ता समिति, पोखरा-१३, कास्की
योजना सम्झौता मिति : २०८२/०१/२७
योजना सुरु मिति : २०८२/०१/२८
योजना सम्पन्न भएको मिति : २०८२/०३/१८
महानगरपालिकाबाट : रु. १०,००,०००/-
जनसहभागिता : रु. १,७६,४७१/-
योजनाको कुल लागत : रु. ११,७६,४७१/-

रवि बराल
अध्यक्ष
छापाको चौतारा देखि मुडुलो बाटो ढलान
उपभोक्ता समिति, पोखरा-१३, कास्की